श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः- २०७८ माघ ११ गते

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि (संसोधन-समेत), २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०७८।११।१०गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ ।आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेबसाइट www.moless.gov.np बाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७६/मो. नं.: ९८४०६१०६३० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूतमन १ वर्ष पुरा भएको,<br>• विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५)आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. २०७७।०७८को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**पुनश्चः** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवदेन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।